

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क १३९ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ जेठ १९ गते शनिबार ❑ 1 June 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## सगरमाथा आरोही बस्ताकोटीको अन्त्येष्टी, वडा रत्न घोषणा

**पोखरापत्र संवाददाता**
पोखरा, १८ जेठ

सगरमाथाको सफल आरोहण गरी फर्कने क्रममा निधन भएका पोखरा महानगरपालिका वडा नं २६ का युवा विनोद बाबु बस्ताकोटीको शुक्रबार मरेखरे घाटमा अन्त्येष्टीगरिएको छ।सगरमाथाको आरोहणपछि आधारशिविरमा फर्कने क्रममा बस्ताकोटीको जेठ ९ गते निधन भएको थियो ।

बस्ताकोटी ८ हजार २ सय ५ मिटरको उचाईको चौथो शिविरमा आईपुग्दा अचानक विरामी भई दुःखद निधन भएको हो । स्वर्गिय बस्ताकोटीको निवासबाट शबयात्रा गरी पार्थिव शरिरलाई पोखरा सभागृहमा श्रद्धाञ्जलीका लागि राखिएको थियो । श्रद्धाञ्जली कार्यक्रममा गण्डकी प्रदेशका मुख्यमन्त्री, सुरेन्द्र पाण्डे, निवर्तमान मुख्यमन्त्री खगराज अधिकारी, पोखरा महानगरपालिकाका



प्रमुख धनराज आचार्य, पोखरा वडा नं. २६ का वडाध्यक्ष नरेन्द्र थापा, वडा नं १३ का वडाध्यक्ष किरण बराल, वडा नं २५ का वडाध्यक्ष एवं महानगरका प्रवक्ता मोतीराज तिमिल्सेना, जिल्ला स्थित सरकारी कार्यालयका कर्मचारीहरुको सहभागी रहेको थियो । बस्ताकोटीलाई पोखरा महानगरको नगरप्रहरीले सम्मान व्यक्त गरेको थियो । यसैविच पोखरा महानगरपालिका वडा नं. २६ का वडाध्यक्ष नरेन्द्र थापाले एक शोक बक्तव्य जारी गर्दै, वस्ताकोटीको निधनले अपुरणिय क्षती पुगेको उल्लेख गरेका छन् ।

सगरमाथाको सफल आरोहण गरी आधार शिविरमा फर्कने क्रममा भएको बस्ताकोटीको निधनले वडा नं २६ ले एक नक्षत्र गुमाएको बताउँदै, दुःख व्यक्त गरेका छन् । अध्यक्ष थापाले दुःखको घडीमा मृतआत्मा प्रति भावपूर्ण श्रद्धाञ्जली र परिवारजनमा समवेदना ब्यक्त गरेका छन् । स्वर्गिय बस्ताकोटीलाई वडा नं २६ ले वडा रत्न घोषणा गर्दै, उनको स्मरणमा प्रत्येक बर्ष एक युवालाई साहसी युवा सम्मान प्रदान गरिने अध्यक्ष थापाले बताए । बस्ताकोटीले यसअघि सन् २०२३ को नोभेम्बर १ तारिकमा ६ हजार १४५ मिटर अग्लो लोवुचे पिक सफल आरोहण गरेका थिए । चाइनिज, स्पेनिस र अग्रेजी भाषामा दख्खल राखेका बस्ताकोटीले अन्तराष्ट्रिय पर्वतालय गाईडको समेत तालिम लिएका थिए । बिगत १५ बर्ष देखि पर्यटन ब्यबसायमा क्रियाशिल रहँदै आएका बस्ताकोटीको निधनमा विभिन्न संघसंस्थाले पनि शोक विज्ञप्ती जारी गरी श्रद्धाञ्जली व्यक्त गरेका छन् । २०४३ सालमा कास्कीको पोखरा महानगरपालिका वडा नं २६ खरानेमा बुवा बाबुराम बस्ताकोटी, आमा विष्णु माया बस्ताकोटीको कोखबाट जन्मिएका बस्ताकोटीका आमा, श्रीमती, एक दुई दाई, एक दिदी र एक बहिनी छन् ।

## पोखराका १३ कि मनिषालाई अमेलिया अर्हार्ट फेलोसिप अवार्ड

**पोखरापत्र संवाददाता**
पोखरा, १८ जेठ

पोखराकी मनिषा द्वालाई हाइ इनेर्जीएस्ट्रोफिजिक्समाविद्यावारिधि गर्न को लागि २०२४ को जोन्टा अन्तर्राष्ट्रियको अमेलिया इयरहार्ट फेलोसिप अवार्ड प्रदान गरिएको छ ।

यो पुरस्कार प्राप्त गर्ने पहिलो नेपाली महिला हुन सक्ने छिन् । पोखरा वडा नं १३ निवासी उनी २०१३ देखि नेपालमा अन्तरिक्ष विज्ञान र खगोलशास्त्रको विकास र प्रवर्द्धधन गर्दै आएकी छिन् । उनलाई यो पुरस्कारका लागि जोन्टा क्लब काठमाडौंले नामांकन गरेको थियो । यसअघि, उनलाई जोन्टा काठमाडौंबाट अन्तरिक्षमा महिला निम्ति इन्द्रकला छात्रवृत्ति पनि



प्रदान गरेकी थिइन । जोन्टा अन्तर ष्ट्रिय अमेलिया इयरहार्ट फेलोसिप सेवा र वकालतद्वारा महिलाहरूलाई सशक्त बनाउन समर्पित संस्था जोन्टा अन्तर्राष्ट्रियद्वारा स्थापित एक प्रतिष्ठित पुरस्कार हो। अमेलिया इयरहार्ट फेलोसिप प्रख्यात पायलट र जोन्टियन, अमेलिया इयरहार्टको सम्मानमा १९३८ मा स्थापित गरिएको थियो १०,००० डलर फेलोसिपलाई वार्षिक रूपमा बढीमा ३० जना महिलालाई जो एरोस्पेस इन्जिनियरिङ र अन्तरिक्ष विज्ञानमा पीएचडीडक्टरेट गर्दैछन्, यो शिक्षण र डिग्री प्रदान गर्ने कुनै पनि विश्वविद्यालय वा महाविद्यालयमा प्रयोग गर्न सकिन्छ ।

यी फेलोहरू अन्तरिक्ष यात्री, एरोस्पेस इन्जिनियर, खगोलविद्, प्राध्यापक, भूगर्भविद्, व्यवसायी, कम्पनीका प्रमुख र अमेरिकी वायुसेनाका सचिव समेत बनेका छन् ।

## मनाङमा सामाजिक विकासका छ आयोजना सम्पन्न

**पोखरापत्र संवाददाता**
मनाङ, १८ जेठ

मनाङमा चालु आर्थिक वर्षको हालसम्म सामाजिक विकासका छ आयोजना सम्पन्न भएका छन् ।

चालु आर्थिक वर्ष २०८०/८१ मा विषयगत क्षेत्रका कूल सात आयोजनामध्ये छ आयोजना सम्पन्न भएका हुन् । जसमा मठ, मन्दिर, गुम्बा, सामुदायिक भवन, खेल मैदानलगायतका आयोजना रहेका छन् । एउटा आयोजना अन्तिमचरणमा रहेको सामाजिक विकास कार्यालयले जनाएको छ । सामाजिक विकास कार्यालयका प्रमुख नारायणप्रसाद बास्तोलाले निर्माणाधीन ती आयोजनाका लागि विनियोजित बजेटमध्ये कूल ८६ प्रतिशत रकम खर्च बताउनुभयो ।

क्षेत्रगतमा शिक्षातर्फ दुई, भाषा, साहित्य, संस्कृति र सम्पदा क्षेत्रमा तीन, बालबालिका तथा किशोरकिशोरीको क्षेत्रमा तीन, लैङ्गिक समानता तथा महिला सशक्तीकरणतर्फ छवटा कार्यक्रम र एउटा आयोजना, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक र सामाजिक सङ्घ संस्थातर्फ एक/एकवटा कार्यक्रम रहेका थिए । चालु आवमा सामाजिक सुरक्षा तथा संरक्षण, श्रम तथा रोजगारी, विज्ञान तथा प्रविधि र मानव बेचबिखन तथा ओसारपसार र हिंसा नियन्त्रणजस्ता क्षेत्रमा कुनै आयोजना तथा कार्यक्रममा बजेट विनियोजन नभएको उहाँले बताउनुभयो । चालु आवमा यहाँका तीनवटा कृषि फार्मले रु एक लाखका दरले अनुदान रकम प्राप्त गरेका छन् भने विभिन्न क्षेत्रमा योगनान पुऱ्याएका व्यक्तिलाई सम्मान तथा पुरस्कृत गरिएको छ । नाँसो गाउँपालिका-७ का मनु गुरुङ साहसिक पर्यटन क्षेत्र र नाँसो-१ तालगाउँका कान्छी गुरुङलाई उद्यमशीलता क्षेत्रमा उत्कृष्ट योगदान पुऱ्याएकोमा सम्मान तथा पुरस्कृत गरिएका थियो ।

चालु कार्यक्रमतर्फ महिला, बालबालिका, दलित, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, शिक्षक तथा विद्यार्थीलगायत क्षेत्रका कूल १४ कार्यक्रम छनोट भएकामा नौ कार्यक्रम सम्पन्न भइसकेको कार्यालय प्रमुख बास्तोलाले जानकारी दिनुभयो । उहाँका अनुसार तीनवटा कार्यक्रम कार्यान्वयनको चरणमा रहेका छन् । "जिल्लागत विविधता तथा कठिनाइका कारण दुईवटा कार्यक्रम कार्यान्वयन गर्न नसकिने अवस्थामा छन् । चालु कार्यक्रमतर्फ कूल रु २५ लाख ७५ हजार विनियोजन भएको छ । विनियोजित बजेटमध्ये हालसम्म कूल ६३ प्रतिशत रकम खर्च भइसकेको छ । चालु तथा पुँजीगतसहित करिब ८० प्रतिशत रकम खर्च भएको छ", कार्यालयले दिएको विवरणमा उल्लेख छ ।

## मुग्लिन-पोखरा सडक विस्तारमा तीव्रता

**पोखरापत्र संवाददाता**
पोखरा, १८ जेठ

पृथ्वीराजमार्गको मुग्लिन-पोखरा सडक विस्तार कार्यअन्तर्गत पूर्वी र पश्चिम खण्डमा तीव्रताका साथ काम भइरहेको छ ।

पूर्वी खण्डअन्तर्गत ४१ दशमलव ७ किलोमिटरमध्य २३ किमीमा चार लेन र आठ किमीमा दुई लेनको सडक कालोपत्र गरिएको छ। तनहुँको आँबुखैरेनी, डुम्रे, व्यास र म्याग्दे खण्डका विभिन्न स्थानमा कालोपत्र गरिएको आयोजनाको पूर्वी खण्डका इञ्जिनियर विष्णु पाण्डेले जानकारी दिनुभयो । उहाँका अनुसार यस खण्डमा ६० प्रतिशत भन्दबढी कार्य प्रगति भइसकेको छ । "वैशाख २ गतेदेखि एक सय ५५ दिन



म्याद थप गरिएकाले थपिएको म्यादभित्र सम्पन्न गर्ने लक्ष्यका साथ निर्माण कार्य अघि बढाएका छौं", इञ्जिनियर पाण्डेले भन्नुभयो । कोरोनाका समयमा निर्माण प्रभावित भएकाले सम्झौताअनुरुप काम सम्पन्न नभएपछि सरकारबाट म्याद थप गरिएको उहाँले बताउनुभयो ।

इञ्जिनियर पाण्डेका अनुसार पूर्वी खण्डमा १३ वटा पक्की पुल निर्माण सम्पन्न भएका छन् भने दमौली, डुम्रे र आँबुखैरेनी क्षेत्रमा तीन वटा ठूला पुलको काम भइरहेको छ । मुग्लिन-पोखरा सडक विस्तारलाई पूर्वी र पश्चिम खण्डमा विभाजन गरी कामलाई तीव्रता दिइएको आयोजना कार्यालयले जनाएको छ ।

पश्चिम खण्डको ३८ दशमलव ८८ किलोमिटर सडक निर्माण भइरहेको भन्दै हालसम्म २५ प्रतिशत कार्यप्रगति भएको पश्चिम खण्डका इञ्जिनियर नारायण पौडेलले जानकारी दिनुभयो । उहाँका अनुसार १५ किमीमा दुई लेनको सडक कालोपत्र भइसकेको छ । राजमार्गअन्तर्गत पश्चिम खण्डको जामुनेबाट पोखरा सेतीपुलसम्म १२ पुलमध्य ११ निर्माण भइरहेका उहाँको भनाइ छ ।

पश्चिम खण्डमा करिब दुई हजार दुई सय विद्युत्का खम्बा हटाइनेछ । हालसम्म राजमार्गको दायाँबायाँ रहेका ५० प्रतिशत भन्दाबढी पोल हटाएर काम भइरहेको छ", इञ्जिनियर पौडेलले भन्नुभयो । उहाँका अनुसार तनहुँ खण्डको खैरेनीटारबाट कोत्रेबारीसम्म र कास्कीको कोत्रेपारिबाट तल्लो गगनगौंडासम्म पोल हटाउने काम भइरहेको छ ।


### गर्मीयाममा लाग्नसक्ने रोगबाट बचौं र बचाऔं

- ◆ पर्याप्त मात्रामा पानी वा झोलिलो पदार्थ पिउने गरौं,
- ◆ मौसमअनुसारका ताजा तरकारी एवं फलफूल उपभोग गरौं,
- ◆ सडेगलेको र बासी खानेकुरा नखाऔं,
- ◆ खुलास्थानमा असुरक्षित तरिकाले राखिएका खानेकुरा नखाऔं,
- ◆ धेरै अमिलो, चिल्लो र मसलेदार खाना नखाऔं,
- ◆ घर बाहिर हिड्दा शरीर ढाक्ने गरी लुगा लगाऔं,
- ◆ घर, आँगन र आसपासको क्षेत्र सफा राखौं,
- ◆ व्यक्तिगत सरसफाईमा ध्यान दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


## पेट्रोलियम पद्धार्थको मूल्य घट्यो

**पोखरापत्र संवाददाता**
पोखरा, १८ जेठ

नेपाल आयल निगमले पेट्रोलियम पदार्थको मूल्य घटाएको छ। निगमले पेट्रोलमा प्रतिलिटर रु तीन तथा डिजेल र मट्टीतेलमा प्रतिलिटर रु एक घटाएको छ ।

निगमद्वारा जारी प्रेस विज्ञप्तिमा शुक्रबार राति १ बजेदेखि लागू हुने गरी उक्त मूल्य घटाएको जनाएको छ । घटेपछिको मूल्यमा तेस्रो वर्गअन्तर्गत काठमाडौं, पोखरा र दिपायलमा अब पेट्रोलको मूल्य प्रतिलिटर रु एक सय ६८ र डिजेल तथा मट्टीतेल प्रतिलिटर रु एक सय ५३ रहेको छ ।

दोस्रो वर्गअन्तर्गत सुर्खेत र दाङमा पेट्रोलको मूल्य प्रतिलिटर रु एक सय ६७ र डिजेल तथा मट्टीतेलको मूल्य प्रतिलिटर रु एक सय ५२ रहेको छ । त्यस्तै, पहिलो वर्गमा चारआली, विराटनगर, जनकपुर, अमलेखगञ्ज, भलबारी, नेपालगञ्ज, धनगढी र वीरगञ्जमा पेट्रोलको मूल्य प्रतिलिटर एक सय ६५ रुपैयाँ ५० पैसा र डिजेल तथा मट्टीतेल प्रतिलिटर एक सय ५० रुपैयाँ ५० पैसा पर्नेछ । निगमले हवाई इन्धन र एलपी ग्यासको बिक्री मूल्य भने हाललाई यथावत राखेको छ ।





पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

का.जि.द.नं. ५६/०५६
हु.नि.पो.द.नं. ०१/०७९/०८०
❑ २०८१ जेठ १९ गते शनिबार

# गण्डकी प्रदेशस्तरीय परम्परागत तारा खेल म्याग्दीको बेनीमा सुरु

**पोखरापत्र संवाददाता**
पोखरा, १८ जेठ




म्याग्दीको बेनीमा गण्डकी प्रदेशस्तरीय परम्परागत तारा खेल सुरु भएको छ।

प्रदेश खेलकुद परिषद गण्डकीको आयोजनामा शुक्रबारबाट उक्त प्रतियोगता सुरु भएको हो । प्रतियोगिताको एक कार्यक्रमबा बीच गण्डकी प्रदेश सासद विमला गौचनले गरेकी छन् । सो आवसरमा बोल्दै सांसद गौचनले परम्परागत र मौलिक खेलहरुको जर्गेना गर्न यस प्रकारका प्रतियोगिताहरु महत्वपूर्ण हुने जनाउँदै संस्कृतीको संरक्षणका र प्रवर्द्धनका लागि समेत उत्तिकै आवश्यक रहेको जनाइन् । गण्डकी प्रदेश सरकारले विभिन्न जातजातीका बीच लोकप्रिय खेलहरुको जर्गेना गर्न सुरु गरिएको अभियान प्रति खुसी व्यक्त गर्दै यसको विकास र विस्तारका लागि समेत आफूले सक्दो प्रयास गर्ने उल्लेख गरिन् । उनले म्याग्दी जिल्ला विभिन्न खेलकुदको हव समेत रहेको जनाउँदै लोपन्मुख खेलहरु समेतको आयोजनाले यहाँको खेलको विकासमा थप सहयोग पुग्ने बताइन् । कार्यक्रममा आफ्ना भनाई राख्दै म्याग्दी जिल्लामा खेलकुदको लोकप्रियता निकै प्रशंसनिय रहेको जनाउँदै पररम्परागत खेलहरुको आयोजनाले धेरै खेलाडीहरुलाईयस तर्फ आकषर्ण गर्न सहयोग पुग्ने बताए । प्रदेश खेलकुद परिषद गण्डकीका सदस्य एवं प्रतियोगिताका संयोजक योगेन्द्र शेरचनको अध्यक्षतामा भएको उद्धाटन कार्यक्रममा प्रदेश खेलकुद परिषद गण्डकीका कार्यालय प्रमुख तोपलाल भुसाल, जिल्ला खेलकुद विकास समिति म्याग्दीका अध्यक्ष दिनेश केसीले समेत आफ्ना भनाई राखेका थिए । कार्यक्रममा प्रदेश खेलकुद परिषद गण्डकीका कार्यकारी सदस्य दिल बहादुर गुरुङ, परिषदका सदस्य गिरमान गुरुङ, लेखा प्रमुख निलकण्ठ ढकाललगायतको सहभागिता रहेको थियो । परिषदको वार्षिक कार्यक्रम अनुसार आयोजित उक्त प्रतियोगितामा ६ जिल्लाका ४२ खेलाडीहरुको सहभागिता रहेको छ । आयोजक म्याग्दीको दुई टोलीसहित मुस्ताङ, पर्वत, बाग्लुङ, कास्की र मनाङको सहभागिता रहेको छ । मनाङ, मुस्ताङ हुँदै तेस्रो सस्करण म्याग्दीमा सुरु भएको प्रतियोगिताले परम्परागत तारा खेलले यो खेलको विकासका लागि समेत उत्तिकै प्रभावकारी हुने संयोजक शेरचनले बताएका छन् । उनले भने-"आधुनिक आर्चरी खेलले परम्परागत तारा खेल ओझेलमा छ । हामी स्थानिय सामाग्री प्रयोग गरेर निर्माण गरिएका धनुषबाणको प्रयोग गरेर यो खेलको संरक्षण हुनुपर्छ भन्ने अर्को सन्देश दिन चाहन्छौं ।" प्रतियोगिता सुरु हुनु भन्दा अघि मौलिक पञ्जेबाजासहितको र्यालीले बनी बजार परिक्रमा गरेको थियो । तारा खेलतर्फ प्रथम, द्वितिय र तृतिय हुने टिमले क्रमश नगद रु ७५ हजार, ५० हजार र ३० हजारका साथमा ट्रफी, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् । त्यसै गरी सर्वश्रेष्ठ धर्नुधरले नगद रु ५ हजार र विशिष्ट धर्नुधरले नगद रु ३ हजारका साथमा मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् । यसै बीच गण्डकी प्रदेशमा मौलिक खेलको रुपमा रहेको ठेलो खेल शनिबार बेनीमा हुने भएको छ । ठेलो खेलमा प्रथम, द्वितिय र तृतिय हुने खेलाडीले क्रमश नगद रु १५ हजार, १० हजार र ५ हजारका साथमा ट्रफी, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् । गत वर्ष मुस्ताङको लेतेमा सम्पन्न तारा खेलमा बागलुङ उपाधि जितेको थियो । बागलुङले म्याग्दीलाई झिनो २ अंकले फाइनलमा पराजित गरेको थियो ।

# नारिशक्तिका सदस्यलाई नेतृत्व विकास तालिम

**पोखरापत्र संवाददाता**
पोखरा, १८ जेठ



पोखरा महानगरपालिका वडा नं. १७ आँखा अस्पतालचोकस्थित नारिशक्ति जागरण आमा समुहको आयोजना एवम् असल छिमेकी सहयोग संघ(गोनेसा) को आर्थिक सहयोगमा तीन दिने उद्घोषण तथा संस्था परिचालन तालिम शुरु भएको छ।

सामाजिक क्षेत्रमा क्रियाशिल महिलाहरुको लागि नेतृत्व तथा क्षमता विकास गर्ने उदेश्यका साथ सञ्चालित तालिममा विभिन्न आमा समुह र टोलविकास संस्थाका ५० जना महिलाको सहभागिता रहेको छ । समुहको पाँचौ स्थापना दिवसको अवसरमा आयोजना गरिएको तालिमको प्रशिक्षकमा पत्रकार घनश्याम पाण्डे रहनु भएको छ । पोखरा महानगरपालिका वडा नं. १७ का वडासदस्य विष्णुकुमारी थापाले तालिमको उद्घाटन गर्दै सिकेको सिप र ज्ञानलाई व्यवहारमा उतार्न सहभागिलाई आग्रह गर्नुभयो । आमा समुहको माध्यमवाट महिला नेतृत्व विकासमा महत्वपूर्ण सहयोग पुगेको उल्लेख गर्दै उहाँले महिला सशक्तिकरणमा महानगरले आवश्यक सहयोग गर्दै आएको बताउनुभयो ।

महिला मानव अधिकार संजाल कास्कीका अध्यक्ष एवम् गोनेसा सञ्चालक समिति सदस्य केशु भुजेलले महिलाहरु प्राप्त हक अधिकारको उपयोग गर्दै थप अधिकारका लागि संगठित भएर अघि बढ्नुको विकल्प नरहेको बताउनुभयो । आमा समुहका अध्यक्ष पियारी गुरुङको अध्यक्षतामा भएको कार्यक्रममा बरिष्ठ पत्रकार हरि बास्तोला, छहारी टोल विकास संस्थाका अध्यक्ष दिपक गोदार, शुभकामना आमा समुहका अध्यक्ष कोकिला श्रेष्ठ, समाजसेवी लिलबहादुर जिसी लगायतले तालिमको महत्व माथि प्रकाश पार्नुभएको थियो । समुहका उपाध्यक्ष राधादेवी लम्सालले स्वागत गर्नुभएको कार्यक्रम सचिव पूर्णकला पोखरेलले सञ्चालन गर्नुभएको थियो ।

# गण्डकीको मुख्य न्यायाधिवक्तामा शर्मा

**पोखरापत्र संवाददाता**
पोखरा, १८ जेठ

गण्डकी प्रदेशको मुख्य न्यायाधिवक्तामा चिरञ्जीवी शर्मा नियुक्त हुनुभएको छ ।

नेपालको संविधानको धारा १६० को उपधारा (२) को व्यवस्थाबमोजिम गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेको सिफारिसमा प्रदेश प्रमुख डिल्लीराज भट्टले शर्मालाई मुख्य न्यायाधिवक्तामा नियुक्ति गर्नुभएको हो ।

शर्मा यसअघि पनि सुरेन्द्रराज पाण्डे नेतृत्वको सरकारमा मुख्य न्यायाधिवक्ताको जिम्मेवारी सम्हाल्नुभएको थियो ।

म्याग्दीको बेनी नगरपालिका-१० का स्थायी बासिन्दा शर्मा विसं २०४८ देखि कानुन व्यवसायमा आवद्ध हुनुहुन्छ । बिएल, बिएडका साथै उहाँले राजनीतिशास्त्रमा स्नातकोत्तर गर्नुभएको छ ।

म्याग्दीको महेन्द्र माविमा दुई वर्ष प्रधानाध्यापक रहनुभएका उहाँ झण्डै १८ वर्ष म्याग्दी बहुमुखी कलेजमा राजनीतिशास्त्र र बिजनेस ल विषय प्राध्यापन गर्नुभएको थियो । उहाँ म्याग्दी जिल्ला नेपाल बार एसोसिएसनका पूर्वअध्यक्ष समेत हुनुहुन्छ ।

# राष्ट्रिय परिचयपत्र बनाउन सास्ती, सेवाग्राहीलाई बिहान ६ बजेदेखि लाइन बस्नुपर्ने बाध्यता

**पोखरापत्र संवाददाता**
दमौली, १८ जेठ

तनहुँको व्यास नगरपालिका-७ तल्लोखर्क निवासी ६८ वर्षीया हरिमाया बानियाँ बिहीबार बिहानै प्रशासन कार्यालय आइपुग्नुभयो । राष्ट्रिय परिचयपत्रका लागि नाम दर्ता गर्न दिनभर लाइन बस्दा पनि उहाँको पालो आएन ।

बिहीबार घर फर्किएर आज बिहानै ६ बजे उहाँ पुनः प्रशासन कार्यालय आउनुभयो । आज उहाँले बिहान १० बजे राष्ट्रिय परिचयपत्रका लागि नाम दर्ता गराउनुभयो । उहाँले भन्नुभयो, "राष्ट्रिय परिचयपत्रका लागि निकै दुःख रहेछ । दुई दिनमा बल्ल बल्ल पालो आएर काम भयो ।" सामाजिक सुरक्षा भत्ताका लागि राष्ट्रिय परिचयपत्र अनिवार्य गरिएपछि परिचयपत्र बनाउन आउँदा कार्यालयमा निकै भीड रहेको उहाँको भनाइ छ । व्यास नगरपालिका-९ माझफाँटकी मीठुमाया विकले दुई दिनको पालो कुरेपछि काम भएको बताउनुभयो । उहाँले भन्नुभयो, "बिहीबार बिहानै ६ बजेदेखि आएर बसैं, दिनभर बस्दा पालो आएन । आज फेरि बिहानै आएर बसेपछि पालो आयो र काम बन्यो ।" म्याग्दे गाउँपालिका-१ गुणादी निवासी लक्ष्मी खनालले प्रशासन कार्यालयमा कर्मचारीको अभावमा जनतालाई सास्ती भएको बताउनुभयो । उहाँले दुःखेसो पोख्दै भन्नुभयो, "यस्तो गर्मीमा पाउनु दुःख पाइयो । परिचयपत्र बनाउन आएको पालो आउँदैन । टन्टलापुर घामले टाउको दुखिसक्यो ।

बिहानैदेखि भोकभोकै छु ।" आगामी आर्थिक वर्षदेखि सामाजिक सुरक्षा भत्ता लिनका लागि राष्ट्रिय परिचयपत्र बनाउनुपर्ने अनिवार्य गरिएपछि प्रशासन कार्यालयमा बिहानै ६ बजेदेखि भीड हुने गरेको छ। सोही भीडमा पालो कुर्दै गरेको अवस्थामा भेटिनुभएकी उहाँले सहजरुपमा सेवा पाउने वातावरण बनाउन माग गर्नुभयो । उहाँले भन्नुभयो, "सरकारले जनतालाई कसरी हुन्छ सहजरुपमा सेवा दिनुपर्छ । यसरी दुःख दिएर भएन ।" व्यास -१४ का देवबहादुर आलेले आमाको राष्ट्रिय परिचयपत्र बनाउन बिहान ७ बजेदेखि लाइनमा बसेको बताउनुभयो । उहाँले भन्नुभयो, "पहिला वडा कार्यालयमा दर्ता गरेको, त्यतिबेलाको नम्बर अझै आएन । त्यही भएर प्रशासनमै गएर दर्ता गर्नुपर्छ भनेर बिहानैदेखि बसेको पालो नै आउँदैन ।" यतिबेला राष्ट्रिय परिचयपत्र दैनिकजसो जिल्ला प्रशासन कार्यालयमा सेवाग्राहीको घुइँचो लागेको छ। जिल्ला प्रशासन कार्यालयमा हाल दुई वटा विवरण दर्ता स्टेसनमार्फत परिचय पत्रको फारम भरिँदै आएको छ। उक्त दुई वटा दर्ता स्टेसनको दैनिक क्षमता करिब एक सय जना रहेकामा केही दिन यता राष्ट्रिय परिचयपत्रको लागि दैनिक चार सयसम्मको भीड लाग्ने गरेको प्रमुख जिल्ला अधिकारी जनार्दन गौतमले जानकारी दिनुभयो ।

परिचयपत्र बनाउन ज्येष्ठ नागरिक बिहान ६/७ बजे नै जिल्ला प्रशासनमा लाइन लाग्न आइपुग्ने गरेको गौतमको भनाइ छ। सेवाग्राहीको अत्याधिक भीड बढेपछि कर्मचारीलाई अतिरिक्त भत्ता दिने गरी बिहान ७ देखि साँझ ७ बजेसम्म काममा लगाइएको प्रजिअ गौतमले बताउनुभयो । उहाँले भन्नुभयो, "त्यिता हुँदा पनि भीड थामिनसक्नुभएको छ । भीड बढेपछि राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागका महानिर्देशकसँग उपकरण सहितको थप तीनवटा दर्ता टोली थप गर्न अनुरोध गरेको छु।" उपकरणसहित तीनवटा दर्ता टोली प्राप्त भएमा कर्मचारीको व्यवस्थापन गरी स्थानीय तहका वडाहरुमा नै राष्ट्रिय परिचयपत्रको फारम भर्ने व्यवस्था मिलाउन सकिने प्रजिअ गौतमको भनाइ छ।
उहाँले भन्नुभयो, "८०/९० वर्षका बुबाआमा पनि दिनभरि लाइनमा बस्न बाध्य हुनुभएको छ। तीनवटा स्टेसन थप भएमा सम्बन्धित वडामा नै गएर फारम भर्ने व्यवस्था मिलाउन सकिन्थ्यो ।" परिचयपत्र बनाउन सेवाग्राहीको भीड बढेपछि जेठ महिना लागेपछि परिचयपत्र वितरण कार्य पनि रोकिएको छ । त्यहाँ रहेका कर्मचारीले फारम भर्न नै नभ्याउने भएको कारण हाललाई परिचयपत्र वितरण कार्य रोकिएको प्रजिअ गौतमले बताउनुभयो । स्थानीय तहहरुले पनि सामाजिक सुरक्षा भत्ता लिन राष्ट्रिय परिचयपत्र अनिवार्य भएको हुँदा राष्ट्रिय परिचयपत्रको फारम भर्न अनुरोध गरेका छन् । जिल्लाका स्थानीय तहले सूचना प्रकाशित गरी आगामी साउन १ गतेबाट सामाजिक सुरक्षा भत्ता पाउने नयाँ लाभग्राही तथा भत्ताको नवीकरण गर्ने लाभग्राहीले राष्ट्रिय परिचयपत्र अनिवार्य भएको हुँदा राष्ट्रिय परिचयपत्र बनाउन बाँकी रहेका लाभग्राहीले राष्ट्रिय परिचयपत्रको फारम भर्न अनुरोध गरेको छ।

# पोखराको नदीपुरमा किड्स कप भेट्रान्स भलिबल सुरु, एफिएफ सेमिफाइनल

**पोखरापत्र संवाददाता**
पोखरा, १८ जेठ




पोखरा महानगरपालिका ३ नदीपुरथित छन्त्याल समाजको भलिबल कोर्टमा शुक्रबार देखि प्रथम खुल्ला भेट्रान्स (३५ प्लस) भलिबल प्रतियोगिता सुरु भएको छ । पूर्व खेलाडीहरुबीचको सम्बन्धलाई सुमधुर बनाउने उद्देश्यसहित खेलकुदको क्षेत्रमा क्रियाशिल युनाइटेड किड्स क्लबको आयोजनामा आजदेखि भेट्रान्स भलिबल प्रतियोगिता सुरु भएको हो । समाजसेवी गंगा बहादुर खड्काको प्रमुख आतिथ्यतामा सुरु भएको प्रतियोगितामा पहिलो चरणका खेल सकिएको कार्यक्रम संयोजक थमन गुरुङले जानकारी दिए। उनका अनुसार एपिएफको टोली सेमिफाइनलमा प्रवेश गरेको छ । यस्तै विश्वकर्मा समाजलाई २-० को सोझो सेटमा हराउँदै जिएम ब्रदर्श क्वाटरफाइनलमा प्रवेश गर्यो । अर्को खेलमा छन्त्याल भेट्रान्सलाई २-० को सोझो सेटमा हरिनास भेट्रान्सले पराजित गर्दै क्वाटरफाइनलमा स्थान बनायो ।

आँधीखोला हडकङले आयोजक बिलाई २-० को सोझो सेटमा पराजित गर्दै आँधीखोला क्वाटरफाइनमा प्रवेश गरेको क्लबका सचिव अशोक थापाले जानकारी दिए । उनका अनुसार अर्को खेलमा पोखरा २० मोहरियाको अनुपस्थितिमा पोखरा भेट्रान्स वाकओभरमार्फत विजयी बन्यो । यस्तै व्यास तनहुँको अनुपस्थितिमा गलकोट र धवलागिरी टिमको अनुसस्थितिमा आयोजक बिजयी बन्दै क्वाटरफाइनलमा प्रवेश गर्यो । अब शनिबार पोखरा भेट्रान्स र गलकोट, जिएम ब्रदर्श र आयोजक क्वाटरफाइनलमा भिड्नेछन् । यस्तै आँधीखोला र हरिनास भेट्रान्सबीच अन्तिम क्वाटरफाइनल खेल हुनेछ । कुल १६ वटा टिमको सहभागिता रहेको प्रतियोगिताको विजेताले ४० हजार, उपविजेताले २५ हजार रुपैयाँ पुरस्कार प्राप्त गर्नेछन् ।


## कपालको उपचार

### कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।

**सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

**प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।**

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
**स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.**
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरुषमा देखिने**:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने**:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# मौलिकता बिर्सेर बनाइयोनमुना गन्धर्व घर

**रामबहादुर थापा**
पोखरा, १८ जेठ / रासस

कुनै समय घुमाउने (गोलो घर) नै लोपोन्मुख गन्धर्व जातिको परम्परागत बासथलो थियो । ढुङ्गा, माटो र काठले ती घर बन्थे । छानो खरको हुन्थ्यो । पहाडे वास्तु झल्काउने खालका झ्याल-ढोका हुन्थे ।

तर हिजोआज त्यस्ता मौलिक रुपमा घर देख्नै मुस्किल हुन थालेको छ । कतिपय ठाउँमा त घुमाउने घर संरक्षणको अभियान नै सुरु गरिएको छ । गन्धर्व जाति मात्र नभएर अन्य समुदायमा पनि छिटपुटरुपमा घुमाउने घर देख्न पाइन्छ ।

पोखरा महानगरपालिका-१६ बाटुलेचौर पनि पुस्तौँदेखि गन्धर्व जातिको थातथलो रहेको ठाउँ हो । नेपाली लोकसङ्गीतका प्रसिद्ध गायक एवं सर्जक झलकमान गन्धर्वदेखि सारङ्गीवादनमा ख्याती आर्जेका धनबहादुर गन्धर्वसम्मको जन्मथलो पनि बाटुलेचौर हो । त्यही बाटुलेचौर नजिकै रहेको धार्मिक तथा ऐतिहासिक महत्वको महेन्द्र गुफा परिसरमा पर्यटकीय आकर्षण थप्न बनाइएको ‘नमुना गन्धर्वघर’ भने मौलिकता बिर्सेर बनाइएको छ । उक्त गुफाको सौन्दर्यीकरण योजनाअन्तर्गत गन्धर्व सङ्ग्रहालय स्थापनाका लागि निर्मित उक्त घर कङ्क्रिटबाट बनेको छ । घरको संरचना गोलो आकारको भएपनि निर्माण सामग्री र अन्य संरचना बनाउँदा परम्परागत शैली अपनाएको देखिन्न। घरको पिढीँछेउ सिमेन्टका पिल्लर ठडाइएको छ । काठको ठाउँमा फलाम प्रयोग गरिएको छ। खर या ढुङ्गाले छाउनुपर्ने छाना जस्ताले छाइएको छ। महेन्द्र गुफा-चमेरे गुफा पर्यटकीय विकास समितिका सदस्य सचिव शिशिर पौडेलले गन्धर्व सङ्ग्रहालयको उद्देश्य अनुरुप घरको बाहिरी संरचनाले मेल नखाएको बताउनुभयो । “गन्धर्व जातिको परम्परागत घरको नमुना देखाउने गरी घुमाउने घर बनाइएको हो, तर कङ्क्रिट प्रयोग गर्दा मौलिकता देखिएन”, उहाँले भन्नुभयो, “सुरुमा लागत अनुमान गर्दा नै कमजोरी भएकाले पछि परिवर्तन गर्न सकिएन ।” लागत अनुमान फेरेर ढुङ्गा, माटो र काठबाट मौलिक शैलीको गन्धर्वघर बनाउने विषयमा कुरा उठेपनि त्यसका लागि सहरी विकास तथा भवन कार्यालय तयार नभएको सदस्य सचिव पौडेलले बताउनुभयो । उहाँले गन्धर्व जातिको लाकप्रिय बाध्ययन्त्र सारङ्गीसहित मौलिक कला, संस्कृति, रहनसहन आदि झल्काउने सामग्री सङ्ग्रहालयमा राखिने बताउनुभयो । “बाटुलेचौर गन्धर्व जातिको प्रमुख बसोबास रहेको ठाउँ हो, अति कम जनसंख्या भएको लोपोन्मुख गन्धर्व जातिको पहिचान झल्काउने गरी सङ्ग्रहालयलाई व्यवस्थित गर्छौं”, उहाँले भन्नुभयो ।

महेन्द्र गुफा सौन्दर्यकरण योजनाका लागि संरचना बनाउने जिम्मा पाएको लुना बिल्डर्सका सुपरभाइजर सुदीप खत्रीले ८५ प्रतिशत काम पूरा भएको बताउनुभयो । “भौतिक संरचना निर्माणको काम करिब सकिएको छ, अब रङ्रोगन, विद्युतीकरण, साजसज्जालगायतको काम बाँकी छ”, उहाँले भन्नुभयो, “यही महिनाभित्र काम सक्ने लक्ष्य छ ।” गण्डकी प्रदेश सरकारको रु. आठ करोड ५८ लाखको बजेटमा महेन्द्र गुफामा पर्यटकीय संरचना निर्माणको काम भइरहेको हो । समितिका अनुसार सङ्ग्रहालय, गन्धर्वघर, खुला डबली, ढुङ्गे धारा, शिव लिङ्ग, सभाकक्ष, बगैँचा, विश्रामस्थल, पानीको फोहोरालगायतका संरचना निर्माण गरिएको छ । महेन्द्र गुफा परिसरमा निर्मित ती संरचनाले त्यस क्षेत्रको पर्यटकीय आकर्षण थप बढ्ने समितिका सदस्य सचिव पौडेलले बताउनुभयो । “महेन्द्र गुफा आफैमा प्राचिन र प्राकृतिक महत्वको पर्यटकीय गन्तव्य हो, यहाँ नयाँ बनेका पूर्वाधारले पर्यटक थप वृद्धि हुने अपेक्षा लिइएको छ”, उहाँले भन्नुभयो । पोखरा-१६ बाटुलेचौरमा पर्ने महेन्द्र गुफा र चमेरे गुफालाई जोडेर गुरुयोजनामार्फत पर्यटकीय विकासको काम भइरहेको उहाँले बताउनुभयो । विसं २०७९ भदौमा ठेक्का सम्झौता भई निर्माण कम्पनीले महेन्द्र गुफामा संरचना निर्माणको काम सुरु गरेको थियो । प्रदेश सरकारको सहरी विकास तथा भवन कार्यालयका निमित्त प्रमुख रवीन्द्र तिवारीले केआइसिंह पुलदेखि महेन्द्र गुफासम्म अपाङ्गतामैत्री पैदलमार्ग निर्माणको काम पनि भइरहेको जानकारी दिनुभयो । विसं २०१६ मा तत्कालीन राजा महेन्द्र बाटुलेचौर आउँदा त्यहाँका स्थानीयले राजालाई गुफाको अवलोकन गराउन लगेपछि पछि गुफाको नाम महेन्द्र गुफा रहन गएको थियो । एक सय २५ मिटर लम्बाइको महेन्द्र गुफामा देखिने विभिन्न देवीदेउताका आकृतिले धार्मिक पर्यटकलाई आकर्षित गर्ने गरेको छ । पछिल्लो समय महेन्द्र गुफामा भारतीतसहित विदेशी पर्यटकको संख्या पनि उल्लेख्य रुपमा बढेको समितिका सदस्य सचिव पौडेलले बताउनुभयो ।

# पोखरामा स्वर्णिम एफसीको भेट्रान्स फुटसल सुरु, सेमिफाइनल समिकरण पूरा

**पोखरापत्र संवाददाता**
पोखरा, १८ जेठ

पोखराको अमरसिंह स्पोर्ट्स सेन्टरमा पहिलो संस्करणको भेट्रान्स (३५ प्लस) फुटसल प्रतियोगिता सुरु भएको छ ।

कुल १६ टिमको सहभागिता रहेको सो प्रतियोगितामा शुक्रबार सेमिफाइनलको समिकरण पूरा भएको क्लबका सचिव अनुपम गुरुङले जानकारी दिए । उनका अनुसार पहिलो क्वाटरफाइनल खेलमा एट टु नाइनले आयोजक स्वर्णिम एफसी हरियोलाई ६-० को फराकिलो गोल अन्तरले पराजित गर्दै एट टु नाइन सेमिफाइनलमा प्रवेश गर्यो । दोस्रो खेलमा गार्डेन एफसीले भाइब्रेन एफसीलाई ३-१ गोल अन्तरले हरायो । तेस्रो खेलमा नाफालाई टेन टु इलाभेनले ४-१ गोल अन्तरले पराजित गर्दै अन्तिम चारमा प्रवेश गर्यो । अन्तिम क्वाटरफाइनल खेलमा स्वर्णिम एफसी रेडले दिपेन्द्र एफसीलाई ७-२ को फराकिलो गोल अन्तरले पराजित गर्दै सेमिफाइलनमा स्थान बनायो । अब सेमिफाइनल र फाइनल खेल शनिबार हुने क्लबका कोषाध्यक्ष विकास गुरुङले जानकारी दिए । उनका अनुसार शनिबार पहिलो सेमिफाइनल गार्डेन एफसी र (स्वर्णिम एफसी रेड) आयोजकबीच हुनेछ भने दोस्रो सेमिफाइनल एट टु नाइन र टेन टु इलाभेनबीच हुनेछ । कुल १६ टिमको सहभागिता रहेको सो प्रतियोगिताको विजेतालाई नगद रु ६० हजारको साथमा शिल्ड, मेडल तथा प्रमाणपत्र प्रदान गरिने छ । यस्तै उपविजेता टिमले नगद रु ३० हजारको साथमा शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ । प्रतियोगितामा उत्कृष्ट खेलाडी र उत्कृष्ट गोलरक्षकलाई आकर्षक पुरस्कारको व्यवस्था गरिएको आयोजकले जनाएको छ ।

# तनहुँमा हावाहुरीले तीन सय ३३ घर गोठमा क्षति

**पोखरापत्र संवाददाता**
दमौली, १८ जेठ

तनहुँमा बिहीबार साँझ आएको हावाहुरी र असिना पानीले विभिन्न स्थानमा लाखौँको क्षति पुगेको छ ।

हावाहुरीले जिल्लाका करिब तीन सय ३३ घर, गोठ, विद्यालयलगायतका संरचनामा क्षति पुऱ्याएको प्रमुख जिल्ला अधिकारी जनार्दन गौतमले जानकारी दिनुभयो । उहाँका अनुसार हालसम्म यकिन तथ्याङ्क प्राप्त भई नसकेको तर हावाहुरीले भौतिक क्षति धेरै पुऱ्याएको छ । उहाँले भन्नुभयो, “हालसम्म करिब तीन सय बढी घर, दुई विद्यालय, एक मन्दिरको छाना उडाएको र भत्किएको छ ।” क्षति पुगेका स्थानमा प्रहरी विवरण र तथ्याङ्क सङ्कलनका लागि केही स्थानमा पुगिसकेको प्रजिअ गौतमले बताउनुभयो । हावाहुरीले जिल्लाका सबै पालिकामा क्षति पुऱ्याएको र सबैभन्दा बढी व्यास नगरपालिकामा क्षति भएको जानकारी प्राप्त भएको उहाँले बताउनुभयो ।

चत्याङ पर्दा व्यास नगरपालिका-८ रिस्तीमा एक घरमा क्षति पुगेको छ । क्षतिको विवरण सङ्कलन भएको नेपाल रेडक्रस तनहुँसँग समन्वय गरेर पीडितलाई



त्रिपाललगायतको व्यवस्थापन भइरहेको प्रजिअ गौतमले जानकारी दिनुभयो । हावाहुर सिँगै आएको असिनापानीले विभिन्न किसानले लगाएको तरकारीमा क्षति पुऱ्याएको छ । फल लागेका आँप, सुन्तला, लिची अन्य तरकारी बालीमा हावाहुरी र असिनापानीले क्षति पुऱ्याएको छ। हावाहुरीले मानवीय क्षति नभएको प्रजिअ गौतमले बताउनुभयो । यस्तै, जिल्लाको विभिन्न स्थानमा हावाहुरीले विद्युत् पोल ढल्दा अवरोध बनेको छ । विद्युत् पोल तथा तारमा भएको क्षतिले विद्युत् प्रवाहमा अवरोध भएको तनहुँ वितरण केन्द्रका प्रमुख विजयराज रेग्मीले जानकारी दिनुभयो । विद्युत् सेवा सुचारु गर्न रेग्मीसहितको टोली अवरोध भएको स्थानमा खटिएका छन् । कतिपय स्थानमा सडक अवरोधले गर्दा एम्बुलेन्स रोकिएको जानकारी पाएपछि राति १० बजेसम्म घटनास्थलमा पुगेर काम गरिरहेको केन्द्र प्रमुख रेग्मीले बताउनुभयो। ठूला-ठूला रुख ढलेर तारमा लागेकाले पोलसमेत ढलेको रेग्मीले जानकारी दिनुभयो । व्यास नगरपालिका-१० को बैरेनी, वडा नम्बर ७ कलेस्ती, वडा नम्बर ११ को पोल्याङ, वडा नम्बर-१२ को छिर्कन, १३ को पोखरीभञ्ज्याङ, १४ नम्बरलगायतका दर्जनौँ स्थानमा विद्युत् पोल ढलेर विद्युत् सेवा अवरुद्ध भएको तनहुँ वितरण केन्द्रले जनाएको छ । हावाहुरीले रुख ढलेर लाम्दा बन्दीपुर गाउँपालिका-१ भैँसीगोठस्थित खड्गदेवी मन्दिर भत्किएको स्थानीयले जनाएका छन् ।

# मुस्ताङी च्याङ्ग्राको भुवा पश्मिनाका लागि उपयुक्त

**रासस**
म्याग्दी, १८ जेठ

मुस्ताङमा पीलएका च्याङ्ग्राको भुवा पश्मिना बनाउने कच्चापदार्थका रुपमा प्रयोग गर्न उपयुक्त देखिएको छ ।

अन्तर्राष्ट्रिय व्यापार केन्द्रले अन्तर्राष्ट्रिय पश्मिना विशेषज्ञ, कृषि अनुसन्धान परिषद्अन्तर्गत नेपाल पशु प्रजनन् तथा आनुवांशिक अनुसन्धान केन्द्र, नेपाल पश्मिना सङ्घ र च्याङ्ग्रा पश्मिना किसान सङ्घको समन्वयमा नेपालमा पहिलो पटक गरेको परीक्षणबाट मुस्ताङी च्याङ्ग्राको भुवा गुणस्तरका हिसाबले पश्मिनाका लागि उपयुक्त भएको पुष्टि भएको हो ।

पश्मिना सङ्घका अध्यक्ष धनप्रसाद लामिछानेले मङ्गोलियामा रहेको अन्तर्राष्ट्रिय प्रयोगशालामा गरिएको परीक्षणमा मुस्ताङी च्याङ्ग्राको भुवाको गुणस्तर पश्मिनाको कच्चा पदार्थकारुपमा प्रयोग गर्न उपयुक्त रहेको प्रतिवेदन प्राप्त भएको जानकारी दिनुभयो ।

“एक वर्षअघि विज्ञहरुको टोली यहाँ आएर लोमान्थाङ, लोघेकर दामोदरकुण्ड, बारागुङ मुक्तिक्षेत्र र घरपझोङ गाउँपालिकाबाट आठ सय च्याङ्ग्राको भुवा नमुनाका रुपमा सङ्कलन गरी गुणस्तर परीक्षणका लागि लैजानुभएको थियो”, उहाँले भन्नुभयो, “यसै साता कृषक र जनप्रतिनिधिलाई भेला गरी परीक्षण प्रतिवेदन सार्वजनिक गर्दै भुवाको थप गुणस्तर सुधार र व्यावसायिक उत्पादनका लागि छलफल गरेका छौं ।”

चारवटै पालिकाका एक सय ६० किसानले पालेका पाँच/पाँच वटा फरकफरक, भूगोल, तौल, रङ र उमेर समूहका च्याङ्ग्राको शरीरबाट नमुनाका रुपमा भुवा सङ्कलन गरी परीक्षण गरिएको लामिछानेले जानकारी दिनुभयो । परीक्षणपछि नेपालमा पश्मिना बनाउने कच्चापदार्थका रुपमा प्रयोग गरिने भुवाको स्रोत रहेको अन्तर्राष्ट्रियस्तरमा सन्देश प्रवाह भएको भन्दै यसले च्याङ्ग्रापालन विस्तार र पश्मिना उद्योगको सम्भावना बढेको उहाँले बताउनुभयो । सङ्कलित नमुनालाई पश्मिनाको मोटाइ र लम्बाइ मापन गर्ने अन्तराष्ट्रिय मान्यता प्राप्त प्रयोगशालाका साथै नेपाल गुणस्तर तथा नाप तौल विभागमा व्यवसायिक गुणस्तर परीक्षण गरिएको अन्तराष्ट्रिय व्यापार केन्द्रका परामर्शदाता सिचन श्रेष्ठले बताउनुभयो । “च्याङ्ग्राको भुवा पस्मिनाका लागि (क) श्रेणीको कच्चा पदार्थ हो । भेडा र चौरीको तुलनामा च्याङ्ग्राको भुवालाई गुणस्तरीय मानिएको छ”, उहाँले भन्नुभयो । प्रतिवेदन सार्वजनिकीकरणसँगैसुझावअनुसार कश्मिरका डा खिलाल खान र अन्तराष्ट्रिय व्यापार केन्द्रका प्राविधिक विशेषज्ञ प्राडा सर्फराज वानीलाई ल्याएर कृषकलाई च्याङ्ग्रा पाल्ने गोठ, आहारा र नश्ल सुधारसम्बन्धी आधुनिक ज्ञान र सीप प्रदान गरिएको परामर्शदाता श्रेष्ठले जानकारी दिनुभयो । उहाँका अनुसार यही जेठ ९ गतेदेखि सुरु भएको स्थलगत तालिम १६ गते सम्पन्न भएको थियो ।

टोलीसँगै मुस्ताङ पुगुभएकी नेपालका लागि युरोपियन युनियन (इयु)का राजदूत भेरोनिक लोरेन्जोले लोमान्थाङ गाउँपालिकाका छिरिङ वाङ्दीले स्थापना गर्नुभएको ‘पश्मिना रिसर्च एण्ड एग्रो टुरिजम फार्म’को उद्घाटन गर्नुभएको थियो ।

मुस्ताङमा च्याङ्ग्राको पश्मिनाको अन्तर्राष्ट्रिय बजारमा उच्च सम्भावना देखिएकाले यसको प्रवर्द्धन र व्यवस्थापनमा सघाउने राजदूत लोरेन्जोले बताउनुभयो । विश्व बैंकको नेपालस्थित कार्यालयका प्रतिनिधिले पनि पश्मिनाको भुवा सङ्कलन केन्द्रको अनुगमन गर्नुभएको थियो । पश्मिनाको गुणस्तर सुधारका लागि विदेशी प्रशिक्षकबाट पाएको ज्ञान, सीप र अनुभव उपभोगी बन्ने कृषक वाङ्दीले बताउनुभयो । लोमान्थाङ गाउँपालिकाका अध्यक्ष टसीनर्बु गुरुङले च्याङ्ग्रापालनबाट कृषकलाई मासु बिक्रीका साथै पश्मिनाका लागि भुवा उत्पादन गरेर दोहोरो लाभ लिने सम्भावना रहेको बताउनुभयो । च्याङ्ग्रापालनलाई थप व्यावसायिक, आधुनिकीकरण र सङ्ख्या वृद्धि गर्न पहल गर्ने उहाँको भनाइ छ ।

प्राकृतिकरुपमा कम उत्पादन हुने च्याङ्ग्राको भुवाबाट मात्रै प्रत्येक वर्ष सानो परिमाणमा उत्पादन गरिने पश्मिनाको व्यावसायिक माग बढ्दै गएको छ । राम्रो गुणस्तरको च्याङ्ग्रा पश्मिनाका लागि आकर्षक मूल्य तिर्न नेपाली खरिदकर्ता तयार भएकाले च्याङ्ग्रापालक कृषकले मनग्य आम्दानी गर्नसक्ने सम्भावना बढेको छ । नेपालबाट निर्यात हुने प्रमुख वस्तुका रुपमा रहेको पस्मिना बनाउन च्याङ्ग्राको भुवा प्रशोधन गरेर निस्किएको धागो कच्चापदार्थका रुपमा प्रयोग हुन्छ । नेपाल पश्मिना उद्योग सङ्घका अनुसार नेपालबाट वार्षिक रु तीन अर्बको पस्मिना निर्यात हुन्छ भने वार्षिक एक सय ९५ टन पस्मिना बनाउन आवश्यकपर्ने भुवाको धागो आयात हुन्छ । विदेशबाट कच्चापदार्थ आयात घटाउन मुस्ताङ, मनाङ, डोल्पा, मुगु, हुम्लालगायत जिल्लाका कृषकबाट पछिल्लो दुई वर्षयता च्याङ्ग्राको भुवा खरिद गर्न थालिएको पश्मिना उद्योगी भीम शेरचनले बताउनुभयो । उहाँका अनुसार सङ्घले मुस्ताङबाट वार्षिक दुई मेट्रिकटन भुवा सङ्कलन गरेर लैजाने गरेको छ । बजारको सुनिश्चितता नभएकाले मुस्ताङका कृषकले यसअघि ऊन निकाल्ने गरेका थिएनन् । भुवा शरीरबाटै झरेर खेर जाने गरेको थियो । तीस प्रतिशतको हाराहारीमा ऊन निकाले पनि बजार नपाउने समस्या थियो । नेपाल फाइबर प्रोसेसिङ उद्योगले लोमान्थाङमा भुवा सङ्कलन र काठमाडौँमा प्रशोधन केन्द्र स्थापना गरेको छ ।

वैशाख र जेठ महिना च्याङ्ग्राको शरीरबाट भुवा निकाल्ने याम हो । भुवा निकाल्ने सीपसँगै नयाँ प्रविधि हस्तान्तरण गरिएको छ । मुस्ताङको मुक्तिनाथ, कागबेनी, छुसाङ, जोमसोम, चैले, घमी, चराङ, लोमान्थाङलगायत ठाउँका कृषकले व्यावसायिक च्याङ्ग्रापालन गरेका छन् । भेटेरीनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्रका अनुसार जिल्लामा ५२ हजार च्याङ्ग्रा पालिएका छन् ।

## तपाईंको आज

| | |
|---|---|
| मेष : झमेला बढ्ने | तुला : सत्कार मिल्नेछ |
| वृष : कार्यमा सफलता | वृश्चिक : आर्थिक समस्या |
| मिथुन : शुभ यात्रा | धनु : मानसिक तनाव |
| कर्कट : स्वास्थ्यमा सुधार | मकर : शारीरिक झमेला |
| सिंह : सहयोग मिल्नेछ | कुम्भ : व्यापारमा लाभ |
| कन्या : अप्रत्यासित लाभ | मीन : शत्रुको भय |

हरिसिद्धि भविश्यवाणी केन्द्र
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# पर्वतमा खरबुजाको व्यावसायिक उत्पादन

**पोखरापत्र संवाददाता**
पर्वत, १८ जेठ

पर्वतमा खरबुजाको व्यावसायिक उत्पादन सुरू भएको छ ।

गर्मीयाम र खडेरीका बेला बजारमा अत्याधिक माग हुने खरबुजा तराईका नदीबगर र बलौटे पाँगो माटो भएका ठाउँमा खेती हुने गरेकामा पहाडी जिल्ला पर्वतमा पनि उत्पादन गरिएको हो । यसअघि परीक्षणका रूपमा उत्पादन सफल भएपछि अहिले व्यावसायिक रुपमा उत्पादन थालिएको हो । कुश्मा नगरपालिका-७ मा रहेको पुरी एग्रो फार्मका सञ्चालक नीलराज पुरीले चार रोपनी क्षेत्रफलमा खरबुजा लगाउनुभएको छ । विगत १८ वर्षदेखि व्यावसायिक तरकारी खेती गर्दै आउनुभएका उहाँले खरबुजाको परीक्षण उत्पादन सफल भएपछि अहिले व्यावसायिक रूपमा अगाडि बढाइएको बताउनुभयो । “गर्मी क्षेत्रमा उत्पादन हुने यो फल पहाडी जिल्ला र चिसो हावापानी भएका क्षेत्रमा पनि उत्पादन गर्न सकिँदो रहेछ”, सञ्चालक पुरीले भन्नुभयो,“तीन वर्षको परीक्षण खेतीपछि अहिले व्यावसायिकरूपमा खरबुजा खेती गरिरहेको छु । गत फागुनमा लगाएको खरबुजा अहिले बिक्री वितरणका लागि तयार भएको छ ।” तरकारी खेतीसँगै खरबुजा खेतीसमेत गरिरहेका उहाँले उहाँले सुरुमा तीन किलोग्रामसम्म उत्पादन भएकामा अहिले सात किलोसम्म फल लागको बताउनुभयो । “बगरमा खेती हुन्छ भन्ने सुनेको थिए तर तरकारी खेती र माटोमा नयाँ अनुसन्धान गर्ने क्रममा खरबुजा खेती गरेको थिए ।

बलौटे माटो, पानी कम भएको क्षेत्रमा पनि खरबुजा उत्पादन सफल भएको छ”, उहाँले भन्नुभयो,“अहिले थोरै जग्गामा लगाएको थिएँ, उत्पादन र माग राम्रो भएकाले आगामी वर्षमा खेती विस्तार गर्ने तयारीमा छु ।”कुश्मा नगरपालिका-७ का वडासदस्यसमेत रहनुभएका पुरीले जनताको सेवासँगै कृषि उत्पादन गरेर प्रशस्त आम्दानी गरिरहनुभएको छ ।

# तनहुँको खुदीखोलामा पक्की पुल बन्दै

**पोखरापत्र संवाददाता**
दमौली, १८ जेठ

बन्दीपुर गाउँपालिका-२ भएर बग्ने खुदीखोलामा पक्की पुल निर्माण सुरु भएको छ ।

गण्डकी प्रदेशको भौतिक पूर्वाधार विकास तथा यातायात मन्त्रालयको लगानीमा पुल निर्माण सुरु भएको हो । विसं २०८२ भदौ ११ गतेभित्र निर्माण सम्पन्न गर्ने गरी काम थालिएको २५ मिटर लामो पुल रु सात करोड ४६ लाख १० हजार पाँच सय २० को लागतमा बन्ने पूर्वाधार विकास कार्यालयका प्रमुख कृष्ण आचार्यले रासससलाई जानकारी दिनुभयो । पुलको बिहीबार शिलान्यास गर्दै गण्डकी प्रदेशका पूर्वमन्त्री हरिबहादुर चुमानले निर्धारित समयभित्रै काम सम्पन्न गर्न आग्रह गर्नुभयो । गण्डकी प्रदेश सरकारले पूर्वाधार निर्माणलाई प्राथमिकतामा राखेको बताउँदै उहाँले निर्माणको निरन्तर अनुगमन गर्नुपर्नेमा जोड दिनुभयो । बन्दीपुर गाउँपालिकाका वडाध्यक्ष तिलकबहादुर कुँवरले लामो समयदेखिको वडाबासीको पुल निर्माणको माग पूरा हुन लागेको बताउनुभयो ।

# ‘सेवा लिन घण्टौँ लाममा उभिनुपर्ने दिन गए’

रासस
पोखरा, १८ जेठ

एक समय यस्तो पनि थियो, कास्कीको यातायात व्यवस्था कार्यालय (सवारी)मा सवार ीसाधन दर्ता प्रमाणपत्र (ब्लूबुक) नवीकरणका लागि घण्टौँ लाममा उभिनुपर्थ्यो । चारवटा लाइन पार गरेपछि बल्ल सेवाग्राहीले पालो पाउँथे । लाममा उभिँदाउभिँदै समय घर्के अर्को दिन कुर्नुपर्थ्यो । बोझिलो र झण्झटिलो सेवा प्रवाहबाट सेवाग्राही आजित थिए ।

पछिल्लो समय सो कार्यालयमा सेवा लिन जाने सेवाग्राहीले पहिलेको झैँ सास्ती व्यहोर्नुपर्दैन । सेवा प्रवाहको अवस्थामा सुधार आएको छ । राज्यले दिने सार्वजनिक सेवालाई व्यवस्थित र प्रविधिमैत्री बनाउँदा कति फरक पर्छ भन्ने एउटा उदाहरण उक्त कार्यालय पनि बनेको छ । सो कार्यालयबाट मोटरसाइकल नामसरी र नवीकरणको काम २० मिनेटमा सिध्याएर घर फर्किएको म्याग्दीको बेनी नगरपालिका-२ का नारायण थापाले बताउनुभयो ।

“पहिले चारवटा लाइनमा तीन-चार घण्टा उभिएपछि बल्ल पालो आउँथ्यो, अहिले एकद्वार प्रणालीबाट सबै काम भयो”, उहाँले भन्नुभयो, “कर तिर्न बैंक जानुपर्ने, भौचर ल्याएर कार्यालयमा बुझाउनुपर्ने झण्झट पनि हटेको छ ।” कार्यालय प्रमुख डिल्लीराम रिज्यालका अनुसार उक्त कार्यालयमा दैनिक सरदर सात सय जनाले सेवा लिने गर्छन् । यसमध्ये सवारीसाधन नवीकरण गर्न आउनेको सङ्ख्या झण्डै पाँच सय हुन्छ ।

“नवीकरण प्रक्रियालाई छरितो बनाइएको छ, सफ्टवेयर प्रणालीबाट करको हिसाब हुन्छ, २०६० सालयताका सबै करका दरलाई सफ्टवेयरमा राखिएको छ”, उहाँले भन्नुभयो, “१५/२० मिनेटभित्रैमा ब्लू बक नवीकरणको काम हुन्छ ।” पहिले कर तोक्न, बैङ्कमा भौचर जम्मा गर्न, सवारी दर्ता प्रणालीमा दर्ता गर्न र नवीकरणका लागि गरी चारठाउँमा लाइन बस्नुपर्ने बाध्यता थियो ।

कार्यालय प्रमुख रिज्यालले सवारीसाधनको दर्ता तथा नवीकरणको प्रकृयालाई पनि चुस्त बनाइएको बताउनुभयो । यातायात नियमावली जारी भएपछि सेवा प्रवाहमा थप सहजता थपिएको उहाँको भनाइ छ । ‘ब्लू बुक’को प्रतिलिपि सवारीचालक अनुमति पत्र, राष्ट्रिय परिचयपत्र आदिका आधारमा पनि दिने मिल्ने व्यवस्था गरिएको उहाँले बताउनुभयो । “आन्तरिक रेकर्ड व्यवस्थापनमा उल्लेख्य सुधार भएको छ, कार्यालयमा रहेका सवार ीसाधनका सबै ढड्डा र फाइललाई विद्युतीय अभिलेखीकरण गरिएको छ”, उहाँले भन्नुभयो, “फाइल तथा ढड्डा नभेटिएपनि डिजिटल कपीबाट सेवाग्राहीलाई सिवा दिँदै आएका छौँ ।” कार्यालयमा दर्ता भएका सवारीसाधनको विवरण र अभिखेल विद्युतीय प्रणालीमा राख्न सुरु गरिएपछि सम्बन्धित सवारीधनीले आफ्नो फाइल घरमै लैजान थालेका छन् । पुराना फाइललाई पनि घरमै लगेर राख्न सकिने व्यवस्था मिलाइएको छ । “सवारीसाधन दर्ता र नवीकरणसम्बन्धी सेवालाई छिटो, झन्झटमुक्त र अभिलेखलाई व्यवस्थित बनाउन कार्यालयलाई फाइल तथा ढड्डामुक्त बनाइएको छ”, कार्यालय प्रमुख रिज्याललले भन्नुभयो । उहाँले देशमै पहिलोपटक उक्त कार्यालये तीन लाख बढी सवारीसाधनको विद्युतीय अभिलेख राखेको बताउनुभयो । फाइल तथा ढड्डालाई ‘स्क्यान’ गरेर सफ्टवेयरमा राखेपछि सेवा प्रवाह प्रभावकारी बनेको उहाँको भनाइ छ । “विद्युतीय अभिलेखीकरण भएपछि फाइल, ढड्डा हराउने, सेवाग्राहीलाई असहजा हुने अवस्थाको अन्त्य भएको छ,” उहाँले भन्नुभयो “दराजमा राखिएको फाइल भेटिएन भने तत्काल डिजिटल अभिलेख हेरेर सेवा दिएर पठाउने गरेका छौँ ।” कार्यालयमा जडान भएको ‘ट्रान्सपोर्ट म्यानेजमेन्ट सफ्टवेयर’मा कर हिसाब फिचर राखेर छिटो र विश्वसनीय सेवा दिइएको रिजालले बताउनुभयो ।



फाइल र ढड्डा खोज्दा हुने समयको बचत, जनशक्तिलाई कामको भार कम पर्ने र कार्यालय व्यवस्थित बनेको छ। पुराना फाइल सम्बन्धित सवारी धनीलाई फिर्ता गर्न थालिएको छ । कार्यालयले नयाँ दर्ता हुने सबै सवारीसाधनलाई इम्बोष्ट नम्बर प्रणाली राख्नुपर्ने अनिवार्य व्यवस्था गरेको छ । सवार ीसाधनको प्रदुषण चेकजाँच गरेर मात्र जाँचपास दिन सुरु गरिएको छ । सवारीसाधनबाट उत्पन्न हुने प्रदुषण मापनका लागि उपकरणको प्रबन्ध गरेर कार्यालयले सो सेवा दिन थालेको हो । बागलुङ, नवलपुर र डुम्रेमा रहेको यातायात व्यवस्था कार्यालयका फाइल र ढड्डाको पनि विद्युतीय अभिलेख राख्ने कार्य सुरु भएको गण्डकी प्रदेशको भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयले जनाएको छ । “कास्कीसँगै क्रमशः अरु जिल्लामा रहेका यातायात व्यवस्था कार्यालयमा पनि विद्युतीय अभिलेखीकरणको काम सुरु गरिएको छ, यातायात कार्यालयको सेवालाई प्रविधिमैत्री बनाउँदै लगिएको छ”, मन्त्रालयको यातायात महाशाखा प्रमुख प्रदीपकुमार रेग्मीले भन्नुभयो ।

उहाँका अनुसार मन्त्रालयले चालु आवमा बागलुङ र नवलपुरको दर्ता भएका सवार ीसाधनको अभिलेखलाई डिजिटाइज्ड गर्न दस/दस लाख रूपैयाँ बजेट विनियोजन गरेको थियो । “बागलुङमा तीस हजार र नवरपुरमा १५ हजार बढी सवारीसाधन दर्ता भएका छन्”, उहाँले भन्नुभयो, “यस वर्ष दुवै कार्यालयलाई सवार ीसाधनको ढड्डा र फाइलमुक्त बनाउने तयारीमा छौँ, डुम्रेको कार्यालयमा दर्ता भएका सवार ीसाधनको संख्या कम भएकाले कार्यालयकै जनशक्तिमार्फत डिजिटलाइजेसनको काम हुन्छ ।”

यातायात व्यवस्था कार्यालय बागलुङका प्रमुख गुमादेवी शर्माले रुट इजाजत र जाँचपासबाहेकका सेवा अनलाइन प्रणालीबाट दिन थालिएको बताउनुभयो । “पुराना फाइल र ढड्डालाई सफ्टवेयरमा प्रविष्ट गर्ने काम भइरहेको छ, दर्ता र नामसरीको काम गत फागुनदेखि अनलाइनमार्फत भइरहेको छ”, उहाँले भन्नुभयो, “नवीकरणको काम पहिलेभन्दा छिटोछरितो भएको छ, राजश्व तिर्ने समय पनि एक घण्टा थप गरिएको छ ।” सवारी चालक अनुमती पत्र (लाइसेन्स) सम्बन्धी सबै सेवा अनलाइनबाट लिन सकिने उहाँको भनाइ छ । “लाइसेन्सको आवदेनका लागि कार्यालय धाउनु पर्दैन, अनलाइनबाटै दिन सकिन्छ, चालकले आफ्नो ‘लाइसेन्स’ आए/नआएको पनि वेभसाइटमा हेर्न सक्छन्”, उहाँले भन्नुभयो, “सबै सेवाग्राहीको बायोमेट्रिक विवरण अनलाइन प्रणालीमा राखिएको छ, सवारीसाधनको ब्लू बुक पनि अनलाइनबाटै नवीकरण हुन थालेको छ ।”

सेवा प्रवाह प्रविधिमैत्री बन्न थालेपछि यातायात कार्यालयप्रतिको सर्वसाधारणको धारणा पनि विस्तारै परिवर्तन हुँदै गएको कार्यालय प्रमुख शर्माले बताउनुभयो । सवारी व्यवस्थापनसम्बन्धी फ्टवेयरमा सवारीसाधनको नम्बर, कम्पनी, रङ, बीमा, सवारी धनीको नाम, ठेगाना, सम्पर्क नम्बरलगायतका विवरण र अभिलेख राख्ने गरिएको उहाँको भनाइ छ । सफ्टवेयरमा कर निर्धारण गर्ने विधा थप गर्न र क्षमता विस्तारको तयारी गरिएको मन्त्रालयले जनाएको छ ।

गण्डकीमा सबैभन्दा बढी कास्कीको यातायात कार्यालयमा सवारी साधन दर्ता हुने गरेका छन् । प्रविधिमैत्री सेवा दिन थालेपछि यातायात कार्यालय सेवाग्राहीको भीडभाड कम हुँदै गएको छ । सेवालाई पहुँचयोग्य, झण्झटमुक्त र छरितो बनाउन प्रयास गरिएको मन्त्रालयको यातायात महाशाखा प्रमुख रेग्मीले बताउनुभयो । भौगोलिक अवस्थिति, आर्थिक, सामाजिक जस्ता कारणले एकैचोटि कागजविहीन (डिजटल) शासन प्रणालीमा जान चुनौती रहेपनि सरकारी कार्यालय र निकायहरूले ‘डिजिटल नेपाल’को अवधारणाअनुसार सार्वजनिक सेवालाई प्रविधिमैत्री बनाउँदै लगेका छन् । सरकारी कार्यालय बढी प्रक्रियामुखी भएको जनाउँदै बेलाबेला जनगुनासो पनि सुनिने गरेको छ । नवीन सोच र प्रविधिलाई आत्मसाथ गरेमा मात्र सार्वजनिक सेवा प्रभावकारी हुने देखिन्छ । सेवा प्रवाहलाई प्रभावकारी बनाउन प्रविधिको उपलब्धतासँगै दक्ष मानव संशाधनको पनि प्रबन्ध गर्नुपर्ने प्रमुख रिज्याललले बताउनुभयो ।

# छोरेपाटन मावि भूपू विद्यार्थी मञ्चको प्रारम्भिक साधारण सभा सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, १८ जेठ

‘भूपू विद्यार्थीको एकता आजको आवश्यकता’ भन्ने मूलनारा लिई स्थापना भएको पोखरा महानगरपालिका वडा नं. १७ छोरेपाटन माविका पूर्व विद्यार्थीहरुको संस्था छोरेपाटन मावि भूपू विद्यार्थी मञ्चको प्रारम्भिक साधारण सभाले ११ सदस्यीय नयाँ कार्यसमिति चयन गरी शुक्रबार सम्पन्न भयो ।

नयाँ कार्यसमितिको अध्यक्षमा कृष्ण बहादुर रानाभाट, उपाध्यक्षमा हिमलाल उपाध्याय, सचिवमा शालिकराम भण्डारी, कोषाध्यक्षमा कविता गुरुङ, सहसचिवमा ज्योति हमाल, सदस्यहरुमा कृष्ण प्रसाद पोखरेल, कविता गुरुङ (कवि), शिवराज न्यौपाने, गणेश घर्ति क्षेत्री, रामचन्द्र वराल र छविलाल पनेरु सर्वसम्मत चयन भएका छन् ।

सो अवसरमा विद्यालयका प्रधानाध्यापक डिल्लीराम शर्मा, सहप्रधानाध्यापक मेघनाथ पौडेलले भूपू विद्यार्थी मञ्चले विद्यालय र समुदाय विचको पुलको काम गर्ने गरी गतिविधिहरु गर्न सुझाव दिनुका साथै विद्यालयको तर्फबाट आवश्यक सहयोग गरिने वताए । सभामा संस्थाका अध्यक्ष कृष्ण बहादुर रानाभाटको प्रगति प्रतिवेदन तथा कोषाध्यक्ष कविता गुरुङको आर्थिक प्रतिवेदन सर्वसम्मत पारित गरेको थियो । सभाले संस्थाको सदस्य शुल्कको वारेमा आगामि पुष २ गते हुने वृहत भूपू विद्यार्थी भेला तथा संस्थाको साधारण सभामा विधान परिवर्तनको प्रस्ताव लैजाने विषयमा वृहत छलफल गर्ने भएको छ । सोही अवसरमा हालै विद्यालयमा सम्पन्न शिक्षक नायक गोष्ठी तथा जुनियर युवा रेडक्रस सम्मेलनको लागि ५ हजार दिने बैठकको निर्णयलाई सभाले अनुमोदन गर्नुका साथै विद्यालयका ६ जना अति विपन्न परिवारका विद्यार्थीलाई स्कुल ड्रेस सहयोग गर्ने निर्णय गरेको कोषाध्यक्ष कविता गुरुङले वताइन । मञ्चका अध्यक्ष कृष्ण बहादुर रानाभाटको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत हिमलाल उपाध्यायले र संचालन सचिव शालिकराम भण्डारीले गरेका थिए ।



# म्याग्दी युवा कपको उपाधि बौदीकाली र धादिङ स्पोर्टस् क्लबलाई

पोखरापत्र संवाददाता
म्याग्दी, १८ जेठ

बेनीमा बिहीबार सम्पन्न रु दुई लाख पुरस्कार राशिको ‘प्रथम म्याग्दी युवा कप’ पालिकास्तरीय पुरुष भलिबल प्रतियोगिताको उपाधि नवलपुरको बौदीकाली गाउँपालिकाले जितेको छ ।

राष्ट्रिय युवा सङ्घ नेपालले आयोजना गरेको प्रतियोगिताअन्तर्गत महिला भलिबलको उपाधि धादिङ स्पोर्टस् क्लबले जितेको छ । तेह्र समूह सहभागी पालिकास्तरीय पुरुष भलिबल प्रतियोगितामा बौदीकालीले बागलुङको गलकोट नगरपालिकालाई दुईका विरुद्ध तीनको सोझो सेटमा पराजित गरेको हो । पुरुषतर्फ बेनी नगरपालिका तेस्रो र रघुगङ्गा गाउँपालिकाले सान्त्वना पुरस्कार प्राप्त गरेको छभने महिलातर्फको फाइनलमा धादिङले म्याग्दीको मङ्गला गाउँपालिका-२ सहश्रधाराको मालिका स्पोर्टस् क्लबलाई सोझो तीन सेटमा पराजित गरेको थियो ।

बागलुङ नगरपालिका तेस्रो र म्याग्दी भलिबल सङ्घ सान्त्वना पुरस्कार पाएको छ । पुरुषतर्फ प्रथम, द्वितीय, तृतीय हुने समूहले पदक र प्रमाणपत्रसहित क्रमशः नगद रु दुई लाख, एक लाख २० हजार र ५० हजार प्राप्त गरेका छन् । यसैगरी, छ समूह सहभागी महिलातर्फको खेलका विजेता, उपविजेता, तेस्रो हुने समूहले क्रमशः नगद रु ८० हजार, ६० हजार र २० हजार प्राप्त गरेका छन् । राष्ट्रिय युवा सङ्घका केन्द्रीय उपाध्यक्ष महाराज गुरुङ, नेपाल कम्युनिष्ट पार्टी (एमाले) गण्डकी प्रदेश सचिवालय सदस्य हरिकृष्ण श्रेष्ठ, जिल्ला अध्यक्ष बालकृष्ण सुवेदीले पुरस्कार प्रदान गर्नुभएको हो ।

चार दिनसम्म सञ्चालन भएको प्रतियोगिताको समापन कार्यक्रममा सङ्क्षिप्त मन्तव्य व्यक्त गर्दै एमाले स्थायी कमिटी सदस्य खगराज अधिकारीले खेलकुद क्षेत्रको विकासका लागि प्रशिक्षण र पूर्वाधार निर्माणमा जोड दिनुभएको थियो ।

# किसानलाई अनुदानमा ट्र्याक्टर वितरण

पोखरापत्र संवाददाता
म्याग्दी, १८ जेठ

कास्की जिल्लाको मादी गाउँपालिका-१२ का किसानलाई हाते ट्र्याक्टर र जाली वितरण गरिएको छ ।

मकैबालीको क्षेत्रफल विस्तार तथा उत्पादन प्रवर्द्धन कार्यक्रमअन्तर्गत कृषि उपकरण तथा मेसिनरी वितरण गरिएको हो । हिमालय बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड लिपेवायनीद्वारा आयोजित एक कार्यक्रमका बीच कृषि ज्ञान केन्द्र कास्कीले ५० प्रतिशत अनुदानमा सो वडाका सातजना किसानलाई बिहीबार ट्र्याक्टर वितरण गरिएको हो ।

एउटा ट्र्याक्टरको मूल्य रु ५६ हजार परेको जसमा किसानले रु २८ हजार र बाँकी ज्ञान केन्द्रको अनुदान रहेको हिमालय बहुउद्देश्यीय सहकारी संस्थाका अध्यक्ष कृष्णचन्द्र बरालले जानकारी दिनुभयो । सहकारीमार्फत अघिल्लो वर्ष भगवतीटार, ओझागाउँ र लिपेयानीका किसानलाई पाँचवटा ट्र्याक्टर वितरण गरिएको थियो । “सहकारीले उत्पादन जोड दिँदै आएको छ”, अध्यक्ष बरालले भन्नुभयो । खाद्य उत्पादन, मौसमी तथा बेमौसमी तरकारीखेती पशुपालनमा किसानलाई प्रेरित गर्दै आएको छ । कतिपय किसानले व्यावसायिक कृषिलाई आफ्नो जीविकोपार्जनको आधार बनाउँदै आएका छन् । कार्यक्रममा असिना, हुरीबतासजस्ता प्राकृतिक प्रकोपबाट तरकारी र फलफूल जोगाउनका लागि प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाबाट उपलव्ध गराइएको तीन थान एक सय ५० मिटर जाली पनि वितरण गरिएको थियो । जालीमा ५० प्रतिशत अनुदानको व्यवस्था गरिएको छ ।

# लेक उक्लिएका भेडाका बथानले ढाकिएको रिग क्षेत्र

रासस
म्याग्दी, १८ जेठ

अहिले बागलुङको पर्यटकीय क्षेत्र रिग ताल वरपर पर्यटकको भन्दा गोठाला र भेडाबाखाको चहलपहल बाक्लो छ ।

बर्खा लाग्न सुरु भएँगै बुकी उक्लिएका भेडीगोठ अबको केही साता रिग ताल क्षेत्रमै रहने छन् । सिरसिर चल्ने सिरेठो, भर्खर उम्रिएका भुइँ घाँसमा एकोहोरो पाराले चरिरहेका भेडाबाखा । ताल छेउको ठूलो चौर हजारौँ सङ्ख्याका सेताम्य भेडाबाखाले ढाकिदा यहाँको सुन्दरता बयान गर्न नसकिने देखिन्छ ।

राष्ट्रिय गौरवको आयोजना मध्यपहाडी लोकमार्गभन्दा केही मास्थिरपट्टी रहेको तालको सुन्तरतालाई भेडाको बथानले अझ बढी आकर्षित बनाई दिएको छ । यही जेठ पहिलो सातादेखि नै बुकी उक्लिन थालेका भेडाका बथान अबको केही दिनमा रिग क्षेत्र छोडी सक्छन् । बागलुङ, रोल्पा र पूर्वी रुकुमका भेडापालक किसान गोठ छाउनका लाग चाहिने त्रिपाल, बर्खाभरि खाने खर्च र ओड्ने दोछ्याउने विस्तारसहित यहाँ आइ पुगेका हुन् । रिग ताल क्षेत्रमा बागलुङको निसीखोला गाउँपालिका-६ का किसानले काठ, ढुङ्गा र जस्तापाताले गोठ बनाएका छन् । बुकी नउक्लिदासम्म उनीहरु यही बस्ने गर्छ । यति बेला थोरै मात्रै भेडापालक लेकमा पुगेका छन् । एक साताभित्र बैँसीमा रहेका सबै भेडाबाखा लेकमा पुग्छन् । तीन हजार दुई सय मिटरको उचाइमा रहेको रिग ताल क्षेत्रबाट चार हजार मिटरको उचाइसम्म पुग्ने तयारीमा यहाँ आइपुगेका गोठाला छन् । अहिले रिग ताल वरपर करिब पाँच हजारको हाराहारी भेडाबाखा छन् । यी भेडाबाखा त्यसभन्दा माथिल्लो क्षेत्र बुकीमा पुगे भने बैँसीमा रहेका अन्य गोठालाले आफ्ना पशुचौपाया रिग तालमा लैजान सुरु गर्छन् । एकै परिवारले पाँच सयदेखि तीन हजारसम्म भेडाबाखा पाल्ने हुँदा एकै पटक रिग क्षेत्रमा व्यवस्थापन गर्न सकिँदैन । त्यसले गर्दा पालैपालो लेक उक्लने गर्छन् । लेक चढ्ने याम सुरु भएको हुँदा अघिअघि भेडाबाखा पछिपछि गोठाला खर्चपर्च बोकेर हिँडिरहेका देखिन्छन् । जाडो र हिमपात छल्नका लागि गत मङ्सिरमा बैँसी झरेका भेडीगोठ जेठ पहिलो सातदेखिनै लेकतिर उक्लिन थालेका हन् ।

तल्लो क्षेत्रमा गर्मी बढेसँगै भेडीगोठ लेक सार्न थालेको निसीखोला गाउँपालिका-६ का भेडापालक लालसिंह घर्ती मगरले बताउनुभयो । छ महिना बैँसीमा बस्दा घाँस सकिएपछि लेक चढ्न थालेको उहाँको भनाइ छ । यो सिजनमा बैँसीमा भन्दा बुकीमा भेडाबाखाका लागि पोषिलो घाँस पर्याप्त पाइने हुँदा जेठ महिनादेखि नै लेक चढ्न सुरु गरेको घर्ती मगर बताउनुहुन्छ । अहिले लेक चढ्न थालेका भेडीगोठाले दसैँ तिहार बेला मात्रै बैँसी झर्ने उहाँको भनाइ छ । बेला-बेलामा चर्ख लिन झर्ने गोठाला चार महिना लेकमै बिताउने घर्ती मगरले बताउनुभयो । लेकमा बस्दा निकै दुःख हुने भन्दै यो बाउबाजेको पालादेखि यो पेसा गर्दै आएको हुँदा आफू पनि यसैमा लागेको उहाँको भनाइ छ ।

घर्तीमगरले भन्नुभयो, “लेकबैँसी गर्ने चलन त यो हाम्रो पुर्खादेखि हुँदै आएको हो, एउटै घरमा एक हजारभन्दा धेरै वस्तुभाउ पाल्ने हुँदा बैँसीमा मात्रै राख्न सकिदैन, यतिका महिनासम्म गाउँ घरमै राखेर पालियो, अब लेकतिर घाँस पलाउन थाले त्यही भएरमाथि उक्लिन थालेका हौँ, दुई/चार दिनपछि यहाँ (रिग ताल) भन्दामाथि खानीखोला तिर लैजान्छौँ, उतै चार महिना बित्छ, अब घर झर्ने त दसैँ मनाउन हो, कहिलेकाहीँ खर्च सकिएपछि र बिरामी भएपछि घर जान्छौँ ।” रोल्पाको तेलखोलाका सन्तोष घर्ती पनि सात सय भेडाबाखा लिएर रिग क्षेत्रमा आउनुभएको छ ।

रोल्पाको माथिल्लो क्षेत्र हुँदा रिग क्षेत्रमा आउनुभएका उहाँ मङ्सिरमा मात्रै बैँसी झर्नुहुन्छ । करिब तीन महिनाका लागि पुग्ने आटो, पिठो र नुन लिएर आएको सुनाउँदै तीज बेला एक पटक गाउँ झर्ने उहाँले सुनाउनुभयो ।

यस वर्ष दुई सय भेडा बिक्रीका लागि तयार गरि रहेको भन्दै दसैँ बेला बजार जाने र फर्किएपछि गाउँ झर्ने उहाँको भनाइ छ । यस वर्ष लामो समय खडेरी पर्दा पहिलोको जस्तो लेकमा घाँस नपलाएको उहाँ बताउनुहुन्छ । बर्खाको घाँसले भेडाबाखा सप्रिने र दसैँमा राम्रो मूल्य पाइने उहाँले जानकारी दिनुभयो ।

“मैले भेडा पाल्न थालेको १८ वर्ष भयो, हाम्रो पालामा धेरै मान्छेहरु भेडा पाल्न रुचाउँथे, नयाँ युवा पुस्ताले यस तर्फ खास्सै चासो नदिँदा पहिलेको जस्तो चहलपहल छैन, परम्परागत भेडीगोठ राख्ने प्रचलन लोप हुन्छ कि भन्ने डर छ, पहिले बुकीमा लाखको हाराहारीमा भेडाबाखा हुन्थे, अहिले केही छैन”, उहाँले भन्नुभयो, “यस वर्ष २०/२२ लाख आम्दानी हुने गरी भेडाबाखा तयारी छन्, चार सय भेडा ब्याउने छन्, पहिलेको जस्तो आम्दानी हुँदैन पहिले वार्षिक ४० लाख आम्दानी हुन्थ्यो, अबको एक हप्तामा सबैभन्दा माथिल्लो क्षेत्रमा पुग्छौँ ।”


## नागरिक पारदर्शिताको लागि सार्वजनिक सूचना

पोखरा महानगरपालिका वडा नं. १७ जागृति मार्गमा पिच बाटो नाला पर्खाल निर्माण गर्दा निम्न अनुसारको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारी तथा नागरिक पारदर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**योजनाको नाम :** जागृति मार्ग पिच बाटो नाला पर्खाल निर्माण
**उपभोक्ता समितिको नाम:** जागृति मार्ग पिच बाटो नाला पर्खाल निर्माण उपभोक्ता समिति, पोखरा-१७
**योजना सम्झौता मिति :** २०८१/०१/१७ गते
**योजना सुरु मिति :** २०८१/०१/१८ गते
**योजना सम्पन्न हुने मिति :** २०८१/०२/३० गते
**महानगरपालिका बाट प्राप्त :** रु. ३,२९,९९४/-
**जनसहभागिता :** रु. ६०,०००/-
**योजनाको कुल लागत :**रु. ३,३०,७२०/-
**जम्मा लागत :** रु. ३,९९,९९४/-
**जम्मा सदस्य संख्या :** ७ जना, महिला संख्या : ३ जना

**शिवराज वराल**
**अध्यक्ष**
**जागृति मार्ग पिच बाटो नाला पर्खाल निर्माण उपभोक्ता समिति,**
**पोखरा-१७, कास्की**